"शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधार र व्यापार; सुन्दर, समृद्ध तथा समुन्नत गौरको आधार"

# गौर नगरपालिका

## Gaur Municipality

## नगर कार्यपालिकाको कार्यालय

## Office of the Municipal Executive

Gaur, Rautahat

प्रदेश नं. २, नेपाल

Province No.2, Nepal

पत्र संख्या/Ref.No.:-२०७५/०७६

च.नं. २६८०

## सिलवन्दी दरभाउपत्र आह्वानको सूचना ।

**(प्रथम पटक प्रकाशित मिति २०७६/०२/१६ गते)**

यस नगरपालिका स्थित गौर अस्पताललाई आ.व.०७५/०७६ का लागि आवश्यक पर्ने औषधी तथा केमिकलहरु सिलवन्दी दरभाउ पत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक औषधी सप्लायर्स/कम्पनी/फर्म व्यवसायीहरुबाट तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रहने गरी सिलवन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समय भित्र सम्बन्धित कारोबार गर्न प्राप्त भएको इजाजत प्रमाण पत्रको प्रतिलिपि,मूल्य अभिबृद्धि कर दर्ताको प्रतिलिपि र आ.व.०७४/०७५ को कर चुक्ता पत्रको प्रतिलिपि संलग्न राखी यस कार्यालयको राजश्व उपशाखामा फिर्ता नहुने गरी रु १,०००/-(अक्षरेपी एक हजार मात्र) बुझाई दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२. फर्म/सप्लायर्स तथा कम्पनीले दरभाउपत्र पेश गर्दा खाम बाहिर आफ्नो फर्मको नाम,थर,ठेगाना र कामको विवरण स्पष्ट उल्लेख गरी यस कार्यालयमा १६ औं दिन दिनको १२:०० बजे भित्र दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका सिलवन्दी दरभाउपत्रहरु सोही दिन दिनको ५:०० बजे यस कार्यालयमा दरभाउपत्रदाताको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि सिलवन्दी दरभाउपत्र खोल्न बाधा पुग्ने छैन । दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो दिन पछि कार्यालय खुलेको दिन सोही समय कायम हुनेछ ।

३. धरौटी वापतको रकम यस नगरपालिकाको राष्ट्रिय वाणिज्य बैक शाखा गौरमा रहेको खाता नं. १२१०३०३००७१०२ मा नगद दाखिला गरी सिलवन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

४. सिलवन्दी दरभाउपत्रमा दररेट उल्लेख गर्दा मूल्य अभिबृद्धिकर बाहेकको दर उल्लेख गर्नु पर्नेछ । दररेट उल्लेख गर्दा अनिवार्य रुपमा अंक र अक्षरमा प्रस्ट उल्लेख गर्नु पर्नेछ । अंक उल्लेख भएको दररेट स्पष्ट नभएमा अक्षरमा उल्लेख भएको दररेटलाई मान्यता दिईनेछ ।

५. आपूर्तिकर्ताले WHO,GMP कम्पनीहरुबाट उत्पादित औषधीहरु मात्र आपूर्ति गर्नु पर्नेछ ।

६. दरभाउपत्र स्वीकृत भएको ७ दिनभित्र कबोल रकमको ५ प्रतिशतले हुने थप रकम यस कार्यालयको धरौटी खातामा नगद जम्मा गरेको सक्कल बैक भौचर वा कम्तिमा १ वर्ष म्याद भएको नेपाल सरकारद्धारा मान्यता प्राप्त "क" वर्गको बाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी भएको परफर्मेन्स बण्ड पेश गर्नु पर्नेछ । साथै नगद जमानतमा राखेकोमा पछि बैक ग्यारेन्टीमा परिणत गरिने छैन ।

७. सप्लाई गर्ने औषधी तथा सर्जिकल सामानहरुको म्याद कम्तिमा १८ महिना सम्मको हुनु पर्नेछ ।

८. दरभाउपत्रदाताले पेश गरेको सिलवन्दी दरभाउपत्रहरु मध्ये सबैभन्दा घटी रकम भएको मालसामानको आईटमवाईज दररेट स्वीकृत गरिनेछ ।

९. सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गौर नगर कार्यपालिकाको कार्यालयमा निहीत रहनेछ ।

१०. रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका सिलवन्दी दरभाउपत्रलाई मान्यता दिइने छैन ।

११. यस सूचनामा उल्लेख नभएको कुराको हकमा सार्वजनिक खरिद ऐन,२०६३,सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

| दरभाउपत्र नं./ठेक्का नं. | कामको विवरण | लागत अनुमान(मूअकर बाहेक) | धरौटी रकम |
|---|---|---|---|
| ५/०७५/०७६ | औषधी खरिद | १७,००,०००/- | ५१०००/- |

प्रमुख प्रशासकीय अधिकृत

फोन नं. :– ०५५-५२०२९४ (नगर प्रमुख), ५२०८९३ (उप-प्रमुख), ५२०८९४ (आर्थिक प्रशासन शाखा), ५२०३२४ (वारुण यन्त्र)
१६६०५५५२००२ (टोल फ्री नं), EXT.४००३- प्रमुख प्रशासकीय अधिकृत, फैक्स नं. :– ०५५ - ५२०२९२,
www.gaurmun.gov.np, Email :- gaurnapa@gmail.com,